Government of Nepal
Ministry of Education
Department of Education

*प्रत्येक विद्यालय सुरक्षित विद्यालय !! सुरक्षित भविष्य, सुरक्षित राष्ट्रमुलुक !!!*

# सुरक्षित विद्यालय सम्बन्धी शिक्षकको पेशागत क्षमता विकास तालिम

Funded by
European Union
Humanitarian Aid
and Civil Protection

## परिचय 01

शिक्षा मन्त्रालय र बालबालिका केन्द्रित विपद् जोखिम न्यूनीकरण समूह (Child-Centered Disaster Risk Reduction Consortium: CC-DRR) को सहकार्यमा बृहत्तर विद्यालय सुरक्षा ढाँचा कार्यान्वयन गर्न सुरक्षित विद्यालय साझेदारी कार्यक्रम संचालन गरिएको छ। यसले सुरक्षित विद्यालयका निम्ति तिन स्तम्भहरूको समान महत्त्वमा जोड दिएको छ। १) सुरक्षित सिकाइ सुविधाहरू २) विद्यालय विपद् व्यवस्थापन ३) जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा।

विद्यालय तथा समुदायमा विपद् जोखिम न्यूनीकरणका लागि शिक्षकको महत्वपूर्ण भूमिकालाई मनन् गर्दै शिक्षकमा विपद् व्यवस्थापन सम्बन्धी प्राविधिक ज्ञान तथा दक्षता बढाउन विद्यालय सुरक्षा तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी दुई दिने तालिम प्याकेज शैक्षिक जनशक्ति विकास केन्द्रको अगुवाइमा निर्माण भएको छ। तालिमका लागि सन्दर्भ सामग्रीको रूपमा शिक्षकका लागि स्वाध्यन पुस्तिका, बालबालिकाका लागि कथापाटी र ठिक/बेठिक कार्डको पनि निर्माण गरिएको छ।

यस तालिममा विपद् के हो ? कसरी जोखिमको पहिचान गर्ने ? विपद्को क्यालेन्डर कसरी बनाउने र सुरक्षाका लागि अभ्यास (DRILL) कसरी गराउने ? जस्ता विषयवस्तुहरू समेटिएका छन्। यस तालिमका बारेमा ज्ञान तथा सिप विकास गर्न केन्द्रदेखि विद्यालय तहसम्म विभिन्न तालिम आयोजना गरिएको र आगामी नियमित शिक्षकको पेसागत विकास तालिममा समेत यसलाई समेट्ने कार्यक्रम रहको छ।

## शिक्षकको पेसागत विकास तालिमका लागि तयारी 02

विद्यालय सुरक्षाका लागि विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषयमा शिक्षकलाई तालिम संचालन गर्नका निम्ति २ दिने तालिम प्याकेज निर्माण गरिएको छ। यो तालिम शैक्षिक तालिम केन्द्र र अगुवा स्रोत केन्द्रमा शिक्षकहरूका लागि संचालन गरिनेछ।

## हाम्रो अपेक्षा 03

तालिम प्राप्त शिक्षकले विद्यालयमा विपद् जोखिमको पहिचान गर्ने, विपद् सम्बन्धी मौसमी क्यालेन्डर तयार गर्ने, सुरक्षाका निम्ति नियमित रूपमा बालबालिकालाई ड्रिल अभ्यास गराउने, सुरक्षित स्थानको पहिचान गर्ने र सुरक्षित निकास मार्गको पहिचान गर्ने काम तालिम प्राप्त शिक्षकहरूबाट हुने अपेक्षा रहेको छ। तालिममा प्राप्त गरेका शिक्षकले सन्दर्भ सामग्रीहरूको बालबालिकाहरूसँग छलफल गरी विभिन्न किसिमका विपद्बाट बच्ने उपाय सम्बन्धी ज्ञान तथा सिप विकासमा सहयोग पुग्ने छ भन्ने हामीले अपेक्षा रहेका छौं।




"यूरोपियन यूनियनको आर्थिक सहयोगमा सञ्चालित मानवीय सहयोग गतिविधिहरुको बारेमा यस प्रकाशनमा उल्लेख गरिएको छ। यूरोपियन यूनियनका आधिकारीक धारणाको रुपमा कुनै पनि किसिमले यहाँ व्यक्त विचारहरुलाई लिइने छैन साथै त्यसबाट निर्मित कुनै पनि सूचना तथा जानकारीको प्रयोगमा यूरोपियन कमिसन जिम्मेवार हुने छैन।"

PLAN INTERNATIONAL | Save the Children | unicef | UN-HABITAT FOR A BETTER URBAN FUTURE | World Vision | NCE NEPAL